(घ) नूनको मोलको सैकडा ३ कम हुँले भरोट कपडामा भएको ३ दफा-को देहायका (भ) दफाबमोजिम गरी राख्नुपर्छ ।

(ङ) वर्षादको समयको ३ महीनाको किस्ता अघि वा पछिको किस्ता सँगै ल्याएमा वाधा गरिनेछैन ।

(च) अरु कपडामा भएको ३ दफा देहाय (ख) (ग) (घ) (ङ) (च) (ञ) (ट) (ठ) (ड) दफा यसमा पनि कायम भएको छ सोहीबमोजिम दरखास्तमा खुलाउने र शर्त नियम पालन गर्नुपर्छ ।

का. मु. डाइरेक्टर,
सिभिल सप्लाइज विभाग.

## सूचना ! सूचना !! सूचना !!!

जिल्ला जिल्लामा बस्ने नेपाली नागरिकहरूले फर्म ट्रेडमार्क डिजाइन पेटेन्ट रजिष्टर गर्ने काममा जिल्ला गोस्वारामार्फत मात्र कारवाई गर्ने गराउने चलन भई आएकोले अनावश्यक झन्झट र खास गरेर राजधानीमा आइसकेका जिल्लाका वासिन्दाहरूलाई विशेष तकलीफ पर्नेभएको बुझिएकोले अबउप्रान्त यसबारे कारवाई गर्दा जिल्ला गोस्वारामार्फत मात्र नगरी बहालवाला सरकारी ग्याजेटेड अफिसर वा सो सरहका दर्जासम्मले दरखास्तवाला नेपाली नागरिक हो भनी साक्षी बसिदिएमा कानूनबमोजिम रजिष्टर हुनसक्ने भएकोले यो सूचना प्रकाशित गर्ने काम भएको छ ।

का. मु. डाइरेक्टर,
उद्योग वाणिज्यविभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।